नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

बेपत्ता व्यक्तिको दाबी पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८३।०७।२१)

बेपत्ता स्वदेशी व्यक्तिको हकमा बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित प्राधिकरणमा प्राप्त विवरण र बेपत्ता विदेशी व्यक्तिको हकमा सम्बन्धित मुलुकको नेपालस्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट कन्सुलर सेवा विभाग मार्फत प्राधिकरणमा प्राप्त विवरण बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारले सात दिनभित्र दाबी पेस गर्ने प्रयोजनार्थ विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को दफा २ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ। विवरणमा थपघट वा संशोधन गर्नुपर्ने भएमा तपसिलमा उल्लेख भएबमोजिम दाबी पेस गर्नुहुन अनुरोध छ।

तपसिल

क. स्वदेशी व्यक्तिको हकमा

१. हालसम्म जिल्ला धनकुटा (२), डडेल्धुरा (१५), खोटाङ (६), मनाङ (०), भोजपुर (४), अछाम (२), कपिलवस्तु (६), जाजरकोट (२), सर्लाही (३), ललितपुर (१४), संखुवासभा (३), कैलाली (५१), महोत्तरी (९), बागलुङ (१६), ताप्लेजुङ (२), जुम्ला (६३), बाजुरा (३), कालिकोट (६), नवलपरासी पूर्व (१७), उदयपुर (१७), काभ्रेपलाञ्चोक (३५), नवलपरासी (पश्चिम) (११), तेह्रथुम (१), रसुवा (१५३८), रुकुम (पूर्वी भाग) (४), सप्तरी (५१), वर्दिया (७४), स्याङ्जा (८), रामेछाप (३७), दाङ (३८), सिन्धुपाल्चोक (२१९) र सिन्धुली (३७) गरी ३२ वटा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट यकिन भई आएको २२९४ जनाको विवरणमात्र समावेश गरिएको छ।

२. उक्त विवरण देहायको QR Code स्क्यान गरी वा https://setu.ndrrma.gov.np/missing/ मा क्लिक गरी वा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

३. बुँदा नं. २ अनुसारको विवरण फरक परेमा फरक परेको बेहोरा खुलाई यस प्राधिकरणको इमेल ठेगाना ndrrma@gmail.com मा दाबी पेस गरी पठाउनुपर्नेछ।

४. थप जानकारीको लागि मोबाइल नं. ९८५१३२०२६९ वा ९८४९२८१०९७ मा सम्पर्क गर्न सकिनेछ।

ख. विदेशी व्यक्तिको हकमा

१. हालसम्म Embassy of The Federal Republic of Germany (8), Australian Embassy (33), Consulate General of Italy (2), Embassy of the Republic of Korea (9), Embassy of the Russian Federation in Nepal (11), Embassy of Malaysia (54) र Embassy of Ukraine (54) गरी ७ वटा देशबाट १७१ जनाको विवरण यकिन भई आएको छ। उक्त विवरणबारे बुझ्न वा संशोधन गर्न परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ।

पुनश्चः माथि उल्लिखित बाहेकको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालय र बेपत्ता विदेशी नागरिकको हकमा तोकिएको नियोगहरुबाट प्राधिकरणमा सूची प्राप्त भएपश्चात पुनः सूचना प्रकाशित गरिनेछ।

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौँ

रसुवा–भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको दाबी पेश गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

(प्रथम चरणमा प्रकाशित मितिः २०८३ ।०७ ।२१)

(दोस्रो चरणमा प्रकाशित मितिः २०८३ ।०८ ।०५)

रसुवा–भोटेकोशी बाढीमा बेपत्ता स्वदेशी व्यक्तिको हकमा बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित प्राधिकरणमा प्राप्त विवरण र उक्त बाढीमा बेपत्ता विदेशी व्यक्तिको हकमा सम्बन्धित मुलुकको नेपालस्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट कन्सुलर सेवा विभागमार्फत यस प्राधिकरणमा प्राप्त विवरण उपर बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारले **७ दिनभित्र** दाबी पेस गर्ने प्रयोजनार्थ विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को दफा २ को उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । विवरणमा थपघट वा संशोधन गर्नुपर्ने भएमा तपसिलमा उल्लेख भएबमोजिम दाबी पेस गर्नुहुन अनुरोध छ ।

तपसिलः

क. स्वदेशी व्यक्तिको हकमा

१. प्रथम चरणमा प्रकाशित सूचनामा उल्लिखित जिल्लामा थप जिल्लाहरूः हुम्ला (३ जना), दैलेख (६ जना), मोरङ (२ जना), पाँचथर (१ जना), सोलुखुम्बु (५२ जना), गोरखा (६७ जना), नुवाकोट (६३१ जना), मकवानपुर (५० जना), दोलखा (५९ जना), सर्लाही (पहिलो चरणमा प्रकाशित बाहेक थप १ जना), रोल्पा (२५ जना), बाँके (१७ जना), दार्चुला (३ जना), कञ्चनपुर (२६ जना), बझाङ (२ जना), गुल्मी (५ जना), सल्यान (४८ जना) गरी थप १७ वटा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट यकीन भई आएको कूल ९९८ जनाको मात्र विवरण समावेश गरिएको छ ।

२. **बुँदा नं.** ग अनुसारको विवरण फरक परेमा फरक परेको व्यहोरा खुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा र यस प्राधिकरणको इमेल ठेगाना ndrrma@gmail.com मा दाबी पेस गरी पठाउनुपर्नेछ ।

३. थप जानकारीका लागि मोबाइल नं. ९८५१३२०२६९ वा ९८४९२८१०९७ मा सम्पर्क गर्न सकिनेछ ।

ख. विदेशी व्यक्तिको हकमा

१. प्रथम चरणमा प्रकाशित सूचनामा उल्लिखित बाहेक हालसम्म थप देशहरूः India (213 persons), United States of America (69), France (4), Canada (27), Republic of Belarus (1), Republic of Singapore (9), United Kingdom (32), Hungary (2), Belgium (2), Republic of Kazakhstan (2), People's Republic of China (85) र Republic of South Africa (6) गरी थप १२ वटा देशका नियोगबाट यकीन भइ आएका कूल ४५२ जनाको विवरण यकीन भई आएको छ । उक्त विवरणबारे विस्तृत जानकारी लिन र कुनै दाबी विरोध भए पेश गर्न परराष्ट्र मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

ग. बेपत्ता स्वदेशी नागरिक र भारतीय नागरिकको विवरण देहायको QR Code स्क्यान गरी वा https://setu.ndrrma.gov.np/missing/ मा क्लिक गरी वा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

पुनश्चः माथि उल्लिखित बाहेकको बेपत्ता स्वदेशी नागरिकहरूको थप विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालय र बेपत्ता विदेशी नागरिकको हकमा तोकिएको नियोगहरूबाट प्राधिकरणमा विवरण प्राप्त भएपश्चात पुनः सूचना प्रकाशित गरिनेछ ।